**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत ०५ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 19 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १९८

## २१ महिलासहित २९० जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ४ चैत/

पर्सा र बाराको तीन स्थानमा शनिवार भएको रक्तदान कार्यक्रममा २९० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।




तस्वीर: प्रतीक

राउन्ड टेबल नेपालले वीरगंज महानगर–१८ सुखचैनामा आयोजना गरेको रक्तदान कार्यक्रममा १६ महिलासहित ११२ जनाले रक्तदान गरेका थिए ।

रक्तदान गर्नेमा तीजा देवी, मीना देवी, खुशबु मण्डल, सुदामा महरा, आशिक मण्डल, राजेश पटेल, अजय मण्डल, नवलकिशोर प्रसाद, तपेश्वर महतो, सुशील रौनियार, ओमप्रकाश साह, किशोरी रायलगायत रहेको प्राविधिक प्रमुख पाण्डेले बताए।

यसैगरी कलैया उपमहानगरपालिका–४ मा शुभलाभ बहुमुखी सहकारी संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा ४ जना महिलासहित ८७ जनाले रक्तदान गरेका थिए ।

साक्षी गुप्ता, आरतीकुमारी साह, बलिराम दास, सेराज मन्सुर, राजेश गुप्ता, रमेश जयसवाल, बृजकिशोर साह, विद्यानन्द पटेल, सरोज यादव, मनोज गुप्तालगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए ।

यसैगरी बाराको परवानीपुर–३ हबीब मार्केटमा शुभकामना बचत तथा ऋण सहकारी संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ९१ जनाले रक्तदान गरेका थिए ।

अरविन्द ठाकुर, दिपकसाह गोढ, सुरिज गुप्ता, चन्दन रौनियार, प्रेमनारायण चौधरी, ललनसाह सोनल, दिनेश सोनार, सफिक आलम, शमीम आलम, लालबाबू पटेल, ओमबाबू यादवलगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले जानकारी गराएका छन् ।

## लोकतन्त्र निर्माणमा शिक्षकहरूको भूमिका सराहनीय- सांसद रिजाल

प्रस, वीरगंज, ४ चैत/

नेपालको लोकतन्त्रको लडाइँमा शिक्षकहरूले खेलेको भूमिका सराहनीय रहेको कुरा नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य तथा सांसद रमेश रिजालले बताएका छन् ।




तस्वीर: प्रतीक

वीरगंजमा आयोजित ९ औं नेपाल शिक्षक सङ्घ पर्साको जिल्ला अधिवेशन उद्घाटन गर्दै सांसद रिजालले पर्सामा शिक्षकहरूले पटकपटकको आन्दोलनमा देखाएको परिणामस्वरूप देशमा परिवर्तन आएको बताए। लोकतन्त्रलाई स्थायित्व दिंदै अब शिक्षामा सुधारका लागि अभियान चलाउनुपर्ने आवश्यकता रहेको उनले बताए ।

पर्साका शिक्षकहरू आपसमा मिलीजुली शिक्षा सुधारको कार्यक्रम ल्याए सक्दो सहयोग गर्ने उनले प्रतिबद्धता जनाए ।

कार्यक्रममा प्रदेशसभा सदस्य जनार्दन सिंह क्षत्रीले पर्सामा शिक्षाको स्तर खस्किंदो अवस्थामा रहेको र त्यसमा सुधार गर्नु आवश्यक भएको बताए । स्थानीय तहमा शिक्षा आएपछि शिक्षाको स्तर कमजोर बन्दै गएकोले सुधारमा जोड दिनुपर्ने बताए । आफू वा प्रदेश सरकारबाट हुने सहयोग वा नीति नियमको लागि सक्दो पहल गर्ने बताए।

'गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता, पेशागत हितका लागि नेपाल शिक्षक सङ्घमा आबद्धता' मूल नाराका साथ सम्पन्न भेलाको सभापतित्व नेपाल शिक्षक सङ्घ पर्साका अध्यक्ष प्रदिप कुमार जैसवालले गरेका थिए ।

कार्यक्रममा प्रदेश सांसद शङ्करप्रसाद चौधरी, नेका जिल्ला उपाध्यक्ष रामनारायण कुर्मी, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, नेपाली काङ्ग्रेसका नेता अशोक गुप्ता, सहसचिव नवीन सिंह, जगरनाथपुर गाउँपालिका अध्यक्ष श्रीकान्त यादव, जीराभवानीका अनोज चौधरी, पटेर्वासुगौली गापाध्यक्ष दिनेश चौधरी, युवा नेता महम्मद साहबुद्दिनलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमका पालिकाका अध्यक्ष र उपाध्यक्षहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य नेपाल शिक्षक सङ्घका जिल्ला उपाध्यक्ष कोपिला कडेल चौरसिया तथा सञ्चालन अशोककुमार साहले गरेका थिए ।

## इतिहास कायम गर्दै रौतहटमा लघुकथा कृति सार्वजनिक

प्रस, गरुडा, ४ चैत/

नेपालको मधेस प्रदेशमा इतिहास कायम गर्दै रौतहटमा लघुकथा कृति सार्वजनिक भएको छ । नेपालको इतिहासमा मधेस प्रदेशमा पहिलो लघुकथा कृति शनिवार सार्वजनिक भएको छ ।




तस्वीर: प्रतीक

लघुकथा समाज नेपालका अध्यक्ष तथा भाषा आयोगका सदस्य गोपाल अश्कले रौतहटका लघुकथा नामक कृतिको लोकार्पण गरेका छन्। सिर्जना साहित्य समाज, रौतहटद्वारा प्रकाशित रौतहटका लघुकथा कृतिलाई अश्कले एक समारोहबीच शनिवार लोकार्पण गरेका हुन् ।

रौतहटको गरुडास्थित रेडियो मधेस मसला एफएमको प्रेक्षालयमा आयोजित कृति लोकार्पण समारोहमा कृति लोकार्पण गर्दै अश्कले लोकार्पित कृति रौतहटका लघुकथालाई मधेस प्रदेशको पहिलो लघुकथा कृतिको रूपमा बताएका छन् ।

नेपालमा लघुकथाको सैद्धान्तिक परिचय तथा इतिहास नै पहिलोपटक लेखेका अश्कले मधेस प्रदेशको पहिलो लघुकथा कृतिलाई सार्वजनिक गर्न पाउँदा आफूलाई हर्ष लागेको बताएका छन्। नेपाली लघुकथाले निकै फडको मारेको बताउँदै अश्कले नेपालको आख्यानमा द्वन्द्वको कमी रहेको स्पष्ट पार्दै लघुकथालाई चुटकिला हुनबाट जोगाउन आग्रह गरे। नेपाली साहित्यमा मधेस प्रदेशको अत्यन्त ठूलो योगदान रहेको बताउँदै अश्कले लघुकथाको इतिहासको पनि अब शुरूआत भएको बताएका थिए।

लघुकथा समाज नेपालका मधेस प्रदेश अध्यक्ष तथा समालोचक डा. विश्वम्भर शर्माले आयामको सङ्क्षिप्ततामा आरम्भ, उत्कर्ष र कलात्मक निष्कर्ष दिन सक्नु लघुकथाको चमत्कार भएको बताएका थिए। डा. शर्माले पनि मधेस प्रदेशको पहिलो लघुकथा कृतिको लोकार्पण गर्न पाएकोमा हर्ष व्यक्त गर्दै लघुकथाको क्षेत्रमा नयाँ इतिहास रौतहटबाट प्रारम्भ भएको बताए।

लघुकथा दिवस मनाइरहँदा कार्यक्रममा लघुकथा वाचन गर्ने कथाकारहरूले पाँच–पाँच लघुकथा समेटेर सिर्जना साहित्य समाजमार्फत कृति प्रकाशित गरेका हुन्। रौतहटका लघुकथा नामक कृतिमा किशुनदयाल श्रीकृष्ण, केदार यादव, धनदेव जोशी, रेणु गुप्ता,

(बाँकी अन्तिम पातामा)

## विद्यालय शैक्षिक सुधारको लागि सरोकारवालाहरूलाई प्रशिक्षण

प्रस, पसागढी, ४ चैत/

पर्सागढी नगरपालिका–३ जनता मावि प्राविधिक शिक्षालय पकडिया बडनियारको आयोजनामा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम शनिवार सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयको शैक्षिक सुधार, व्यवस्थापन, विद्यार्थीहरूलाई प्रशिक्षण, लगानी विषयमा विद्यालय व्यवस्थापन समितिका सदस्य, विद्यार्थी, सामाजिक अगुवाहरूलाई प्रशिक्षण दिइएको थियो। डा दिनेश तिवारी, बाली विज्ञ पुरुषोत्तम रौनियार, कृषि शाखा प्रमुख झर्ना क्षात्रीलगायतले सहभागीहरूलाई प्रशिक्षण दिएका थिए।



तस्वीर: प्रतीक

कार्यक्रममा शिक्षा शाखा प्रमुख देवकुमार गिरी, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम समन्वय समितिका टीकाराम पौडेललगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण राजन गिरीले गरेका थिए

## पत्रकारहरूको दक्षता अभिवृद्धि तालीम सम्पन्न

प्रस, वीरगंज, ४ चैत/

वीरगंज महानगरपालिकाको सहयोगमा नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाले चितवनको सौराहामा आयोजना गरेको तीन दिने आवासीय तालीम शनिवार सम्पन्न भएको छ ।

सञ्चारकर्मीहरूको दक्षता अभिवृद्धिको लागि आयोजित तालीममा नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष डा महेन्द्र विष्टले विकास पत्रकारिताको विविध विषयमा प्रशिक्षण दिएका थिए।



तस्वीर: प्रतीक

समापन कार्यक्रम शाखा अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको र पूर्व केन्द्रीय सदस्य महेश दास, पत्रकार महेशचन्द्र गौतम, कृष्णउदास खनाल, विजय भण्डारी, मनोज पटेल, कविता खड्कालगायतको सहभागिता थियो ।

कार्यक्रमको सहजीकरण उपाध्यक्ष युवराज खड्काले गरेका थिए ।

## युवालयद्वारा विद्यालय सुधार योजनाबारे अन्तर्क्रिया

प्रस, वीरगंज, ४ चैत/

वीरगंजमा विद्यालय सुधार योजनाबारे अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

गैरनाफामूलक गैरसरकारी संस्था युवालयले पर्सागढी नगरपालिकाको समन्वयमा शनिवार वीरगंजमा अन्तर्क्रिया गरेको हो ।

अन्तर्क्रियामा सहभागीहरूलाई विद्यालय सुधार योजनाबारे महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्ण र महानगरपालिकाका शिक्षा अधिकृत आनन्द लामिछानेले प्रशिक्षण दिएका थिए ।



तस्वीर: प्रतीक

विद्यालयमा लैङ्गिक समानतासँगै विभेदरहित शिक्षा एवं व्यावहारिक शिक्षाको विकासका लागि शिक्षकहरूले गर्नुपर्ने गतिविधिबारे प्रशिक्षकद्वय कर्ण र लामिछानेले सहभागीहरूलाई अवगत गराएका थिए ।

**विचारसार र सूक्तिहरू**

**आजको दिन र हाम्रो कर्तव्य यी दुवैमाथि हाम्रो अधिकार छ तर भविष्य र कार्यको फल ईश्वरसँग हुन्छ ।**

**– होरेल ग्रील**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# प्रतिशोधको भावना आत्मघाती हुन्छ

धम्मपदमा भनिएको छ, 'न हि वैरेण वैराणि शाम्यन्तीह कदाचन' अर्थात् यस संसारमा वैरसित वैर कहिल्यै शान्त हुन सक्दैन । यसै प्रकार अन्य नकारात्मक वृत्तिबाट नकारात्मकताको समापन गर्न सकिंदैन । वैरले वैरलाई, क्रोधले क्रोधलाई, घृणाले घृणालाई र हिंसाले हिंसालाई मेटाउन असम्भव छ। हो, यस गलत प्रयासमा हामी आफ्नो स्तरदेखि तल अवश्य खस्छौं । नराम्रोसँग नराम्रो गरेर जित्नु असम्भव छ । प्रतिशोधको भावना वा बदला लिने इच्छा स्वयम्मा हानिकारक तत्त्व हो। जबपनि हामी यस प्रकारका कुनै निर्णय लिन्छौं, तब हाम्रो सम्पूर्ण ऊर्जा त्यस चुनौतीतर्फ हुन पुग्छ। जबसम्म यो सिलसिला चलिरहन्छ, हामी आफ्नो ऊर्जालाई अपेक्षित सकारात्मक दिशामा प्रयोग गर्न सक्दैनौं। प्रतिशोधको भावना वा बदला लिने इच्छा हाम्रो आत्मिक एवं भौतिक विकासमा ठूलो बाधक बन्न पुग्छ ।

**द्रोण द्रुपदसँग बदला लिन चाहन्थे र कौरव पनि द्रौपदीसँग बदला लिन चाहन्थे। परिणाम हाम्रोअगाडि छ। बदला कहिल्यै पूर्ण हुँदैन। आज तपाईं बदला लिनुहुन्छ भने भोलि अरूले लिन्छ। त्यसपछि पुनः तपाईं बदलाको तयारीमा लाग्नुहुन्छ। यो सिलसिला कहिल्यै समाप्त हुँदैन। पूरा जीवन प्रतिशोधको अग्निमा समर्पित हुन्छ।**

महाभारतका कैयौं पात्र यसै मनोग्रन्थिको शिकार भएका थिए । महाभारतमा महर्षि भारद्वाजका पुत्र द्रोणाचार्यको कथा छ, उनले कौरव र पाण्डव राजकुमारलाई धनुर्विद्याको प्रशिक्षण दिएका थिए र अन्त्यमा कुरुक्षेत्रको युद्धमा धृष्टद्युम्नको हातबाट मारिए। आश्चर्यको विषय अजेय योद्धा महारथी द्रोणाचार्य आफ्नै आश्रमका सहपाठी द्रुपदका पुत्र धृष्टद्युम्नको हातले मारिए, यो विचारणीय छ। भारद्वाजको आश्रममा आचार्य द्रोण र पाञ्चाल नरेशका पुत्र द्रुपदले साथसाथै शिक्षा ग्रहण गरेका थिए। दुवै असल मित्र बन्न पुगे। एक दिन द्रुपदले द्रोणसँग भने– जब म पाञ्चाल देशको राजा बन्छु, तब आधा राज्य तिमीलाई दिनेछु ।

शिक्षा पूर्ण भएपछि दुवैले आआफ्नो बाटो समाते । द्रोणको विवाह भयो र उसको एउटा पुत्र भयो, जसको नाम राखियो, अश्वत्थामा । द्रोण आफ्नो परिवारलाई निकै माया गर्दथे र उनीहरूलाई सुखीपूर्वक राख्न चाहन्थे। तर यो सम्भव थिएन किनभने द्रोण निकै गरीब थिए। कालान्तरमा द्रुपद पाञ्चाल राज्यको सिंहासनमा बसे । यो सुनेपछि द्रोण निकै खुशी भए र द्रुपदसँग भेट्न पाञ्चाल पुगे। त्यहाँ पुगेपछि आधा राज्य अथवा सहायता त टाढाको कुरा द्रुपदबाट अपमानित र लज्जित हुन पुगे । द्रुपदले भने– मित्रता बराबरीवालासँग हुन्छ। अपमानित द्रोणको मनमा प्रतिशोधको ज्वाला भड्कियो ।

पछि आचार्य द्रोण हस्तिनापुरका राजकुमारहरूलाई धनुर्विद्या सिकाउन थाले र शिक्षा पूरा भएपछि गुरुदक्षिणाको रूपमा पाञ्चाल नरेश द्रुपदलाई कैद गरेर ल्याउन भने। अर्जुनले द्रुपदलाई पराजित गरेर उनलाई मन्त्रीसहित कैद गरे र आचार्य द्रोणको अगाडि ल्याएर उभ्याए। द्रोणले यद्यपि द्रुपदलाई कुनै हानि पुऱ्याएनन् र आफ्नो प्रतिशोध पूरा भएको मान्दै द्रुपदलाई ससम्मानका साथ बिदा गरे । तर द्रुपदले यस अपमानलाई सहन गर्न सकेनन् । उनी घृणाले भरिए र प्रतिशोधको आगोमा पोलिन थाले। द्रुपदले आफ्नो जीवनको एकमात्र लक्ष्य बनाए, द्रोणसँग बदला लिने। द्रुपदले कठोर तप र व्रत गरे ताकि उनको यस्तो शक्तिशाली छोरा होस्, जसले द्रोणको वध गर्न सकोस्। उसको कामना पूर्ण भयो । उनको पुत्र धृष्टधुम्नले कुरुक्षेत्रको युद्धमा आचार्य द्रोणको वध गरे ।

के द्रोणको यस प्रकारको मृत्युको लागि द्रोण स्वयम् उत्तरदायी थिएनन् ? के यसको मूलमा द्रोणको लालसा, असहिष्णुता एवं बदलाको भावना विद्यमान थिएन ? द्रुपदले उत्साहातिरेक, आवेश अथवा बडप्पनको भावनाले आधा राज्य दिने आश्वासन दिए तर के मित्रबीच यस प्रकारको बाँडफाँट व्यावहारिक छ ? के भावावेशमा गरिएको यो निर्णय अस्वाभाविक प्रतीत हुँदैन ? आफ्नो परिवारको सुख सुविधा जुटाउने कामनामा एउटा राजाको अगाडि मित्रताको वाचा दिएर द्रोणले के आफ्नो गरिमामा ठेस पुऱ्याएनन् ? जब एउटा राजाले गरीब ब्राह्मणको मित्रता स्वीकार गर्न मानेनन् भने उनी अपमानले भरिए, किन ?

आज विश्वमा अनेक मानिसले अरूलाई प्रलोभन देखाउँछन् र असङ्ख्य मानिस ती प्रलोभनमा परेर आफ्नो भएभरको सम्पत्ति लुटाएर चुप लागेर बस्छन्। यो उनीहरूको लोभकै परिणाम हो । विनाकमाइ वा कम मेहनत गरेर धनी बन्ने आकाङ्क्षा हो । कामै नगरी वा थोरै कामबाट सुखीपूर्वक बाँच्ने इच्छा हो। यही नै द्रोणको इच्छा थियो। तर के यो स्वाभाविक हो ? के यो उचित हो ? के यसबाट मनुष्यको स्वाभाविक विकास सम्भव छ ? यस प्रकारका असङ्ख्य कामना, लालसा एवं वासना नै मनुष्यको पतनको कारण बन्दछ, यसमा कुनै सन्देह छैन। फेरि बदलाको भावनाले आगोमा घ्यूको काम गर्दछ ।

भीष्म पितामहले उपर्युक्त घटना सुनेर आचार्य द्रोणलाई आफ्नो धनुषको डोरी उतार्न सल्लाह दिएका थिए र कौरव राजलक्ष्मीको यथेच्छ भोग गर्न भनेका थिए तर आचार्यले यसो गर्न सकेनन् । उनको यो क्रोध पनि महाभारत नामक महासमरको एउटा कारण बन्यो ।

पिताको मृत्युपछि आहत अश्वत्थामाले धर्मविरुद्ध राति सुतिरहेका धृष्टद्युम्नलाई खुट्टाले कुल्चेर मारे र साथै द्रौपदीका पाँचवटै छोराको पनि वध गरे। यसको मूलमा थियो द्रोणको लिप्सा । द्रोणको आधा राज्य पाउने अथवा केही सहायताको लिप्सा। कामनापूर्तिमा बाधा उत्पन्न अपमानबोध र घृष्णाबाट उत्पन्न प्रतिशोधको भावना, प्रतिशोधको पूर्तिमा दोस्रो पक्षको घृणा र बदलाको भावनाले न केवल द्रुपद अपितु स्वयम् द्रोणको पनि सर्वनाश गऱ्यो । यसको अभावमा सम्भव छ महाभारतजस्तो युद्ध हुने नै थिएन र त्यस युद्धमा उब्जिएको भयानकता हेर्दा र सुन्दा लाग्छ, धर्तीबाट श्रेष्ठ योद्धा नै रित्तियो ।

द्रोण द्रुपदसँग बदला लिन चाहन्थे र कौरव पनि द्रौपदीसँग बदला लिन चाहन्थे। परिणाम हाम्रोअगाडि छ। बदला कहिल्यै पूर्ण हुँदैन । आज तपाईं बदला लिनुहुन्छ भने भोलि अरूले लिन्छ। त्यसपछि पुनः तपाईं बदलाको तयारीमा लाग्नुहुन्छ । यो सिलसिला कहिल्यै समाप्त हुँदैन । पूरा जीवन प्रतिशोधको अग्निमा समर्पित हुन्छ। मनुष्य समाप्त हुन्छ तर प्रतिशोध कहिल्यै समाप्त हुँदैन किनभने यो पीढीसम्म चलिरहन्छ। जसमा अघिल्लो पीढीसम्म स्वाहा हुन्छ । मित्र, आफन्त अथवा छिमेकी वा अन्य कुनै परिचित सम्बन्ध पनि शत्रुतामा परिवर्तित हुन पुग्छ। बदला लिनेक्रममा अरूलाई तल देखाउने प्रयास स्वाभाविक हो र यस प्रक्रियामा कैयौंपटक हामीले आफ्नो नैतिक स्तर खसाएका हुन्छौं र यो अरूको सजाय आफैंलाई दिनजस्तै हो ।

यदि साँच्चैको बदला लिन चाहनुहुन्छ भने जसबाट तपाईं आहत हुनुहुन्छ, त्यस व्यक्तिको उपेक्षा नगरेर सबै कुरा बिर्सिएर सच्चा मनले उसको स्वागत गर्नुस्, उसलाई सम्मान दिनुस् । सम्भव छ, उसलाई आफूले गरेको गल्तीको आभास हुन्छ र भविष्यमा कहिल्यै त्यस्तो गर्दैन ।

चोर, धूर्त, पाखण्डी, अहङ्कार छ भने त्यस्तासँग बदला लिन हामी पनि चोर, धूर्त, पाखण्डी अथवा अहङ्कारी बन्ने ? कसैले हामीलाई धोका नदेओस् अथवा हाम्रो अहित गर्न नसकोस्, हामीलाई मानसिक क्लेश पुऱ्याउन नसकोस्, यसको लागि सचेत र सतर्क बन्नुपर्छ, कुरा सम्हाल्न सकिंदैन भने किनारा लाग्नुपर्छ।

तर सुशिक्षित, सुसभ्य एवं सुसंस्कृत व्यक्ति आफ्नो आचरणबाट खस्नु अथवा जस्तालाई त्यस्तै व्यवहार अपनाउनु श्रेयस्कर होइन ।

# आर्थिक असमानता : दिगो विकासको अवरोध

**समयान्तर**




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**राज्यको स्रोत साधनलाई उत्पादनमूलक आयामहरूमा रूपान्तरण गरिनुपर्दछ । उत्पादन, रोजगार र आयको अवसर बढाएर सरकारले आम जनतामाथि अप्रत्यक्ष कर को भार घटाउँदै लैजानुपर्दछ ।**

विश्व गरीबीविरुद्ध अभियानमा छ। संयुक्त राष्ट्रसङ्घले सन् २०१६ मा तयार पारेको दिगो विकासको लक्ष्यले सन् २०३० सम्म निरपेक्ष गरीबी ३ प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरे पनि यसबीच आएका अनेक प्राकृतिक र मानवीय स्वास्थ्यमा आएका सङ्कटहरूले यो लक्ष्यलाई नै समस्यामा हालिदिएको छ। वातावरणको सन्तुलन र स्रोतको सदुपयोग हुनेगरी गरिने विकास नै दिगो विकास हो । यसले केवल भौतिक विकास र मानवीय सेवा–सुविधालाई मात्र स्वीकार गर्दैन, वातावरण र प्राकृतिक स्रोतको सन्तुलित उपभोगलाई पनि उत्ति नै महत्त्व दिन्छ।

गरीबीको निकासका लागि आर्थिक र पूर्वाधार विकास, भोकमरीको समाधान, गुणस्तरीय शिक्षा र स्वास्थ्य, स्वच्छ खानेपानी तथा सरसफाइ, लैङ्गिक विभेद र असमानता अन्त्य गर्नुपर्ने आवश्यकता छ । दिगो शहरीकरण, उत्तरदायी उत्पादन र उपभोग, वातावरण संरक्षण, स्वच्छ ऊर्जा, शान्ति, स्थायित्व र सुशासनको प्राप्तिजस्ता आधारभूत आवश्यकताहरूको पूर्ति अपरिहार्य छ। यी लक्ष्यको प्राप्तिमैं आर्थिक सम्पन्नता अर्थात् असमानताको अन्त्य निहित हुन्छ भन्ने कुरामा विवाद आवश्यक छैन।

आर्थिक असमानता र गरीबी फरक विषय हुन्। तर यी सरोकार आपसमा अन्तर्सम्बन्धित छन् । मानौं एकजना मानिससँग १० अर्ब रुपियाँ छ, अर्कोसँग ५ अर्बको सम्पत्ति छ भने त्यो असमानता हो। पहिलो व्यक्तिको तुलनामा दोस्रोसँग कम सम्पत्ति छ । तर, दोस्रो व्यक्ति गरीब भने होइन । एउटा तथ्याङ्क छ, विश्वको ९९ प्रतिशत गरीबहरूभन्दा १ प्रतिशत धनीहरूसँग बढी सम्पत्ति छ । यति मात्र होइन, १० प्रतिशत मानिससँग संसारका ९० प्रतिशत मानिसको कुल सम्पत्तिभन्दा बढी धन छ। यो असमानता हो ।

विश्व बैंकका अनुसार दैनिक १.९ अमेरिकी डलरभन्दा न्यून आय भएका मानिस निरपेक्ष गरीब हुन् । विश्वमा अहिले यस्तो जनसङ्ख्या करीब साढे ८० करोड छ। कुल जनसङ्ख्याको १० प्रतिशत रहेको यस्तो गरीबी न्यूनीकरण गर्ने लक्ष्य आफैंमा चुनौतीपूर्ण बन्दै गएको छ। दिगो विकास लक्ष्यको एक महत्त्वपूर्ण उद्देश्य गरीबी घटाउनु हो । आर्थिक असमानता र गरीबी फरक भए पनि गरीबी घटाउन आर्थिक असमानता घटाउनु अनिवार्य छ ।

विश्वका अति गरीब सङ्ख्यामध्ये ८५ प्रतिशत सब–सहारन अफ्रिका र दक्षिण एशियामा छन्। नेपाल दक्षिण एशियाको आश्रित अर्थतन्त्रमध्येको एक हो । अति कम विकसित सूचीमा रहेको नेपाल अबको ३ वर्षमा विकासशील देशको सूचीमा उभिने प्रयत्नमा छ । तर त्यसपछिका चुनौतीहरूको सामना गर्ने पूर्वतयारी कतै देखिएको छैन । स्तरोन्नतिपछि हामीले वैदेशिक व्यापारमा पाएको सहुलियत र विकासका अनुदान कटौति हुन्छ । त्यसपछिको तयारी के छ ? यसमा पहिल्यैदेखि रणनीतिक काम हुनुपर्ने थियो । यसमा सरोकारका पक्ष आवश्यताजति चनाखो देखिएको छैन, यो अर्थतन्त्र धरापमा जाने सङ्केत हो । तयारीविनाको स्तरोन्नतिले अर्थतन्त्रलाई थप कमजोर बनाउने सम्भावना हुन्छ। यसको परोक्ष असर गरीबीसँग जोडिएको हुन्छ ।

नेपालले गरीबी निवारणमा पछिल्लो समय सुधार गरेको छ। तर यो दिगो प्रकृतिको छैन । अहिले १५ प्रतिशतको हाराहारीमा रहेको गरीबीको तथ्याङ्कमा विगत ३ वर्ष यताको कोरोना महामारीले उत्पादन गरेको आर्थिक सङ्कटको असर जोडिएको छैन। सङ्कट समाधानका नीति प्रभावकारी नहुँदा आगामी वर्षसम्म यसको असर अझ गम्भीर भएर जाने प्रक्षेपण भइरहेको छ। हामीले घटाएको गरीबीलाई वैदेशिक रोजगारबाट आएको आयको टेको छ । नेपालका ५५ प्रतिशतभन्दा बढी घरघुरी यस्तो आयबाट लाभान्वित भएको तथ्याङ्क छ। यसो त देशको अर्थतन्त्र नै यस्तो आयको भरमा चलेको छ। एकाध महीना पनि विप्रेषण आप्रवाह घट्नेबित्तिकै कोकोहोलो बढ्न थाल्छ ।

वैदेशिक रोजगारको आय नराम्रो होइन । तर, आयको यो दीर्घकालीन स्रोत होइन। विश्वको अर्थतन्त्र खुम्चिएको अवस्थामा रोजगार पनि सङ्कुचित भएको छ। प्रविधिको प्रयोगले मानवीय शक्तिमा आधारित रोजगारको अवसर कम हुँदै गएको छ। बेलायतको अक्फोर्ड युनिभर्सिटीले गरेको एउटा अध्ययनले प्रविधिका कारण ५० प्रतिशत परम्परागत रोजगार गुमेको तथ्य बाहिर आएको थियो। हाम्रोजस्तो १ प्रतिशतमात्र दक्ष कामदार बाहिर पठाउने देशले यो तथ्यलाई मनन गरेर दक्ष जनशक्ति उत्पादनमा लगानी नबढाउने हो भने वैदेशिक रोजगारको आय पनि सुक्न सक्दछ । हामीले अहिले ७५ प्रतिशत अदक्ष कामदार आपूर्ति गरिरहेका छौं। २४ प्रतिशतजति अर्धदक्ष कामदार गएको सरकारी तथ्याङ्क छ।

संयुक्त राष्ट्रसङ्घको एउटा अध्ययनले नेपालको आधा जनसङ्ख्या गरीबीको उच्च जोखिममा रहेको औंल्याएको छ । यो जनसङ्ख्या कुनै पनि बेला गरीबीको रेखाभन्दा तल झर्न सक्छ । यो त्यही सङ्ख्या हो, जसले वैदेशिक रोजगारबाट आफ्नो आयस्तर उकासेको छ । गरीबीको दिगो समाधानका लागि आर्थिक असमानता न्यूनीकरण गर्नुपर्छ। फरक विषय भए पनि बढ्दो आर्थिक असमानता गरीबी अभिवृद्धिको कारण हो । गरीबी अस्थिरता र अशान्तिको कारण बन्न सक्ने तथ्यलाई अस्वीकार गर्न सकिन्न।

नेपालमा औपचारिक अर्थतन्तको आकार बराबर नै अनौपचारिक अर्थतन्त्र फस्टाएको तथ्य बेलाबखत सार्वजनिक हुने गरेको छ । खुला सिमानाको दुरुपयोगबाट हुने तस्करी, अनधिकृत व्यापार, अवैध ओसारपसार, कालोबजारी, भ्रष्टाचारमार्फत हुने यस्तो आयबाट सीमित समूह लाभान्वित भएको छ । यस्तो लाभ औपचारिक संयन्त्रमा प्रकट हुँदैन । अहिले सतहमा देखिएको आर्थिक सङ्कटमा यस्तो कालो धनको करामात पनि रहेको अनुमान गरिँदै छ। कोरोना महामारीका बीच पनि धनाढ्यहरूले आफ्नो सम्पत्ति दोब्बर बढाएका समाचार आएका थिए । सबै आयमा अनौपचारिक अर्थतन्त्रको योगदान नभए पनि यस्तो आय गरीबमाथि शोषणको उपक्रम बनिरहेको तथ्यलाई नीति निर्माताहरूले बेवास्ता गर्न मिल्दैन।

आर्थिक असमानताका कारण सामाजिक विग्रह र अशान्ति आउन सक्ने भन्दै बेलायतका केही धनाढ्यहरूले आफ्नो बढ्दो सम्पत्तिमा प्रगतिशील कर लगाएर गरीबलाई वितरण गर्न आग्रह गरेका थिए। हामीकहाँ यो उदारता देख्न सकिएको छैन। उल्टै सत्ता सञ्चालक र सीमित पूँजीपतिहरूको साँठगाँठमा राज्यको स्रोत दोहनको निकृष्ट मञ्चन प्रकट भइराखेको छ । यसले आर्थिक असमानतालाई नै मलजल गरेको छ । धनी दिनदिनै धनी हुँदै जाने र गरीब झन्झन् गरीबीमा भासिदै जाने हो भने यो विग्रहको सूत्रधार बन्नेमा किन्तु–परन्तुको आवश्यक पर्दैन। यो अवस्था आउन नदिन राज्यको स्रोतमा समतामूलक अवसर निश्चित हुनेगरी नीति अवलम्बन गर्न ढिलाइ भइराखेको छ।

राज्यको स्रोत साधनलाई उत्पादनमूलक आयामहरूमा रूपान्तरण गरिनुपर्दछ । उत्पादन, रोजगार र आयको अवसर बढाएर सरकारले आम जनतामाथि अप्रत्यक्ष करको भार घटाउँदै लैजानुपर्दछ । भन्सार, मूल्य अभिवृद्धि कर, अन्त:शुल्कजस्ता आम जनताको थाप्लोमा लादिने करको सट्टा आयमा लाग्ने आय करको दायरा बढाउने नीति लिने हो भने आम जनतालाई राहत हुन्छ। गरीबको जीवनस्तर माथि उकास्न सहज हुन्छ। यसका निम्ति सरोकारका पक्षमा दृढ इच्छाशक्तिको अभाव खट्किएको छ।

## एलडिसीबाट स्तरोन्नति ...

गइरहेका छन्। नेपालले अहिले छिमेकी मुलुक चीनमा रसायन (केमिकल्स), सवारी साधन तथा मेसिनरी, विद्युतीय सामग्री तथा कागजजस्ता वस्तुबाहेकमा 'ड्युटी फ्री, कोटा फ्री' को सुविधा पाइरहेको छ। चीनमा निर्यात हुने ९६ दशमलव ६ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री' अन्तर्गत पर्दछन् । त्यस्तै भारतमा ९५ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री'मा गइरहेका छन् । भारतले प्लास्टिक, कफी, चिया, अल्कोहलजन्य वस्तु, सुर्ती र खाद्य वस्तुमाबाहेक 'ड्युटी फ्री, कोटा फ्री' सुविधा दिइरहेको छ।

युरोपियन युनियनअन्तर्गतका देशमा हातहतियार बाहेकका सबै वस्तुमा नेपालले 'ड्युटी फ्री, कोटा फ्री' पाइरहेको छ । अमेरिकाले कपडाजन्य वस्तु, जुत्ताचप्पल, दुग्धजन्य र मासुजन्यबाहेकका ८२ प्रतिशत वस्तुमा 'ड्युटी फ्री', 'कोटा फ्री' सुविधा दिन्छ। त्यस्तै, टर्कीले फलामजन्य वस्तु, खाद्यवस्तु, मासु, तेलजन्यबाहेकका ८० प्रतिशत वस्तुमा ड्युटी फ्री, कोटा फ्री सुविधा दिइरहेको छ ।

स्तरोन्नतिपछि नेपालले कृषिजन्य वस्तुको निर्यातमा अनुदान दिन पाउने छैन । गैरकृषिजन्य वस्तुको निर्यातमा दिइने अनुदानमा पनि कटौती हुनेछ । प्रतिव्यक्ति कूल राष्ट्रिय आय (जिएनआई) एक हजार डलरभन्दा कम भएका मुलुकका लागि भने गैरकृषिजन्य वस्तुमा निर्यातमा अनुदान पाउन सक्छन् । तर अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा प्रतिव्यक्ति आयको शर्त पनि रहने भएकाले यो अवस्था स्वत: सकिन्छ । कृषिजन्य वस्तुको नेपालभित्र हुने आन्तरिक व्यापारमा दिइने अनुदानमा भने यस्तो व्यवस्था कायम हुने छैन । स्तरोन्नतिपछि गैरकृषिजन्य स्थानीय वस्तुमा पनि अनुदान दिन पाइनेछैन । नेपालले स्तरोन्नतिकै चरणमा यस्ता अनुदानहरू उपलब्ध गराएको/नगराएको जानकारी गराउनुपर्नेछ । सेवा क्षेत्रमा सरकारबाट पाइरहेको सुविधामा भने फरक पर्ने छैन ।

नेपालले निर्यात गुमाउँदा त्यसको असर रोजगारी सिर्जना र मुलुकको कूल गार्हस्थ्य उत्पादनमा पनि देखिनेछ। नेपाल उद्योग वाणिज्य महासङ्घको एक तथ्याङ्कअनुसार अहिले कपडा, कार्पेट र पस्मिना क्षेत्रमा दुई लाख ६२ हजार बढी कामदार कार्यरत छन्। निर्यातमा चार प्रतिशतले कमि आउँदा यी तीन क्षेत्रमा मात्र १० हजार पाँच सय श्रमिकले रोजगारी गुमाउने अनुमान गरिएको छ । यस्ता उद्योगमा महिला कामदार बढी छन् । जुन मानव पुँजी विकाससँग जोडिएको विषय हो । यसरी, निर्यात घट्दा त्यसले आर्थिक वृद्धिदरमा पनि केही असर गर्नेछ। सँगसँगै डब्ल्युटिओ र क्षेत्रीय सङ्गठनमा आवद्ध देशसँगको व्यापारलाई थप खुला र उदार बनाउँदै लैजानुपर्ने हुन्छ। जसका कारण नेपाली उत्पादनले अन्य देशका उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ ।

### बौद्धिक सम्पत्ति र प्रविधि हस्तान्तरण

बौद्धिक सम्पत्तिको अधिकार अर्को प्रभावित हुने क्षेत्र हो। योजना आयोगका अनुसार स्तरोन्नतिपछि नेपालले 'एग्रीमेन्ट अन ट्रेड रिलेटेड एस्पेक्ट्स अफ इन्टेलेक्चुअल प्रोपटी राइट (ट्रिप्स एग्रिमेन्ट) अन्तर्गतका सुविधा पाउने छैन । जसका कारण औषधिजन्य उत्पादनमा नेपालका कम्पनीले प्रयोग गर्दै आएका विदेशी कम्पनीका प्याटेन्ड, डिजाइन, कपिराइट र सेक्रेट फर्मुलालगायत सुविधा कसिलो हुने अथवा ती अधिकार गुमाउनुपर्ने हुन्छ ।

प्रविधि हस्तान्तरणका क्षेत्रमा पनि एलडिसी ग्र्याजुएसनको केही असर देखिनेछ। विकसित देशले आफ्नो क्षेत्रका उद्यम र संस्थामा प्रविधि हस्तान्तरणका लागि निश्चित प्रतिशत लगानी गर्छन् । स्तरोन्नतिपछि उदारीकरणसँग सम्बन्धित प्रतिबद्धता नेपालले पनि पालना गर्नुपर्नेछ । 'स्पेसल एन्ड डिफ्रेन्सियल' (एड एन्ड डी) सुविधा पनि गुमाउनेछ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रपति पुटिनविरुद्ध पक्राउ पुर्जी जारी, रूसद्वारा निन्दा

हेग, ४ कात्तिक/एएफपी

यहाँस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)ले युक्रेनमा युद्ध अपराध गरेको आरोपमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ। उनले १६ हजारभन्दा बढी युक्रेनी बालबालिकालाई गैरकानूनीरूपमा देश निकाला गरेको आरोपमा पक्राउ पुर्जी जारी गरिएको हो।

आइसिसीले बालबालिकाको अधिकारसम्बन्धी रूसी राष्ट्रपतिका आयुक्त मारिया लभोभा बेलोभाविरुद्ध पनि सोही आरोपमा पक्राउ पुर्जी जारी भएको बताएको छ। आइसिसी सदस्य देशका सरकारको सहयोगविना संदिग्धहरूलाई पक्राउ गर्ने अधिकार अदालतलाई नभएकोले पुटिन र मारिया पक्राउ पर्ने सम्भावना अति कम छ।

मस्कोले आइसिसीको आदेशलाई अर्थहीन भन्दै खारेज गरेको छ। साथै मस्कोले आरोप अस्वीकार गर्दै पक्राउ पुर्जी जारी हुनुलाई अपमानजनक भनेर त्यसको निन्दा गरेको छ। रूसी नेता पुटिन आइसिसीले पक्राउ पुर्जी जारी गरेका तेस्रो बहालवाला राष्ट्रपति भएका छन्।

रूस आइसिसीको पक्ष राष्ट्र नभएकोले राष्ट्रपति पुटिन पक्राउ पर्ने सम्भावना छैन। अर्थात् द हेगमा रहेको उक्त अदालतको आदेश त्यहाँ कार्यान्वयन हुने कुनै आधार पनि छैन। यद्यपि त्यसले राष्ट्रपति पुटिनको अन्तर्राष्ट्रिय यात्रामा असर पर्न सक्छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्यता लिएर विश्वका १२३ सदस्य राष्ट्रमध्ये कुनैमा उनले पाइला राखेमा उनलाई पक्राउ गर्न सकिने छ। आइसिसीका अध्यक्ष पिओटर होफमान्स्कीले पक्राउ आदेश कार्यान्वयन अन्तर्राष्ट्रिय सहयोगमा निर्भर हुने बताएका छन्।

युद्धग्रस्त युक्रेनले राष्ट्रपति पुटिनविरुद्ध आइसिसीले पक्राउ पुर्जी जारी गरेकोमा स्वागत गरेको छ। राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले अदालतको कदमलाई ऐतिहासिक निर्णय भन्दै स्वागत गरेका छन्।

चिनियाँ राष्ट्रपति सी जिनपिङको आगामी साता हुने मस्को भ्रमण तथा रूसलाई चीनले सैन्य सहायता गर्ने समाचार सार्वजनिक भइरहेका बेला जारी भएको आइसिसीको आदेशले अन्तर्राष्ट्रिय जगतमा तरङ्ग पैदा गरेको छ।

यसैबीच अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि आफ्ना रूसी समकक्षी पुटिनविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्राउ पुर्जी जारी गरेकोमा स्वागत गरेका छन्। राष्ट्रपति पुटिनले युक्रेनमा युद्ध अपराध गरेको ठहर गर्दै पक्राउ पुर्जी जारी गर्नुलाई अमेरिकी



राष्ट्रपतिले 'न्यायसङ्गत' भनेका छन्। अमेरिका पनि आइसिसीको पक्ष राष्ट्र होइन। राष्ट्रपति कार्यालय ह्वाइट हाउसबाट आफ्नो डेलावरस्थित निजी निवासतर्फ प्रस्थान गर्नु अघि उनले रूसी राष्ट्रपति पुटिनले 'स्पष्टरूपमा युद्ध अपराध गरेको' पत्रकारहरूलाई बताए।

गत महीना जर्मनीको म्युनिखमा आयोजित सुरक्षा सम्मेलनमा उपराष्ट्रपति कमला ह्यारिसले युक्रेनमा रूसले मानवताविरुद्ध अपराध गरेको आरोप लगाउँदै उसलाई दण्ड दिनुपर्ने बताएकी थिइन्। रूसी सेनाले गैरसैनिक क्षेत्रमा गरेको आक्रमणको आलोचना गर्दै उनले हत्या, यातना, बलात्कार र निर्वासन जस्ता घृणित कार्य भएकोमा रूसको निन्दा गरेकी थिइन्।

त्यस अघि पनि बाइडेन प्रशासनले युक्रेनमा मस्कोले युद्ध अपराध गरेका प्रमाण आफूसँग रहेको जनाउँदै मस्कोविरुद्ध अन्तर्राष्ट्रिय समुदायले आवाज उठाउनुपर्ने कुरामा जोड दिंदै आएको थियो। रासस

## जापान–दक्षिण कोरिया सुरक्षा साझेदारी

सोल, ४ चैत/एएफपी

लामो समयदेखि जापान र दक्षिण कोरियाबीच विद्वेषपूर्ण सम्बन्ध अन्ततः अन्त्य भएको छ। दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलको हालैको जापान भ्रमणपछि द्विपक्षीय सम्बन्ध हार्दिकतामा परिणत भएको हो।

गत बिहीवार जापानको शीर्ष नेतृत्वसँग कोरियाली राष्ट्रपतिले शिखर वार्ता गरेपछि विगतका विवाद बिसाउने सहमति भएको हो। उत्तर कोरियाको बढ्दो चुनौती सामाना गर्न पनि सोल र टोकियो विगतका विवाद बिर्सन सहमत भएका हुन्। पैंतीस वर्षे औपनिवेशिक शासनकालमा कोरियाली श्रमिकमाथि अत्याचार भएको तथा उनीहरूले क्षतिपूर्ति पाउनुपर्नेलगायत माग सोलले उठाउँदै आएको थियो।

पछिल्लो समझदारी अनुसार अब जापान र दक्षिण कोरियाले गोप्य सूचना आदानप्रदान गर्नेछन्। विशेषगरी प्योङयाङका गतिविधिसम्बन्धी त्यस्ता सूचना आदानप्रदान हुनेछ। सोलले टोकियोमा भएको त्यससम्बन्धी सम्झौताको अक्षरशः कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। कोरियाली राष्ट्रपतिको जापान भ्रमणपछि दुई देशबीच कूटनीतिक सम्बन्ध पनि नवीकृत भएको छ।

कोरियाली राष्ट्रपतिबाट १२ वर्षपछि भएको जापान भ्रमणले आणविक हतियारयुक्त उत्तर कोरियाविरूद्ध संयुक्त मोर्चा खडा गरेको छ। अमेरिकासहित सहयोगीसँग अब जापान र दक्षिण कोरियाले सैन्य सूचना तथा प्योङयाङको आणविक र क्षेप्यास्त्र कार्यक्रमसम्बन्धी गोप्य सूचना आदानप्रदान गर्नेछन्।

दक्षिण कोरियाको विदेश मन्त्रालयले जापानसँग भएको सम्झौता कार्यान्वयन गर्न औपचारिकरूपमा पत्राचार गरिने जनाएको छ भने रक्षा मन्त्रालयका एक अधिकारीले पनि सम्झौता कार्यान्वयको खाका तयार पारिएको जनाएका छन्। जापानसँग सम्बन्ध नवीकृत भएसँगै द्विपक्षीय व्यापार विवाद पनि साम्य हुने अपेक्षा गरिएको छ।

दक्षिण कोरिया र जापानले रक्षा खर्च र संयुक्त सैन्य अभ्यास बढाइरहेका छन्। यस अघि क्षेत्रीय एवं विश्वव्यापी स्थायित्वका निम्ति रक्षा खर्च र सैन्य अभ्यास बढाउन आवश्यक भएको राष्ट्रपति युनले बताएका थिए। कोरियाले जापानसँग भएको सैन्य सूचना आदान प्रदानसम्बन्धी सम्झौता खारेज गर्ने धम्की पनि दिएको थियो। सोलको उक्त धम्कीबाट प्योङयाङलाई मदत पुग्ने भन्दै वाशिंगटनले त्यसो नगर्न आह्वान गरेको थियो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सफलता |
| मिथुन – राज्यलाभ | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – कडापरिश्रम |
| तुला – चोरभय | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनक्षति |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### आगलागी हुनबाट सावधानी अपनाऔं।

- हिउँद तथा सुक्खा याममा आगलागीका घटनाहरू धेरै हुने हुँदा आगोको प्रयोगमा होशियारी अपनाऔं।
- आगो तथा ग्याँस बालुन्जेल भान्सा छाडेर टाढा नजाऔं र गोठमा घुर बाल्दा सावधानी अपनाऔं।
- सलाई, लाइटर तथा डिजल, पेट्रोलजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं।
- हावाहुरी चलेको अवस्थामा फुसको घर तथा खुला स्थानमा आगो नबालौं, बारी, बाटोमा बालिएको आगो पूर्णरूपमा निभेको निर्क्योल गरौं।
- जथाभावी चुरोट, बिडीका ठुटो ननिभाइ नफ्याँकौं।
- विद्युत्बाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्वीच तत्काल बन्द गरौं।
- आफ्नो घर, टोलमा आगलागीका घटना भएमा तत्काल वीरगंज महानगरपालिकाको वारुणयन्त्रको सम्पर्क नम्बर ०५१-४१८००० मा खबर गरौं।

वीरगंज महानगरपालिका कार्यालय

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



एकादशीमा भगवानको पूजापाठ र कीर्तनमा रमाउँदै निजगढ बागदेवका स्थानीय महिला भक्तालुजन। तस्वीर: जीतलाल श्रेष्ठ

## एलडिसीबाट स्तरोन्नति हुँदाका नेपालका चुनौती र गुमाउने सुविधा

काठमाडौं, ४ चैत/रासस

नेपाल अतिकम विकसित मुलुक (एलडिसी) बाट स्तरोन्नतिको चरणमा छ। स्तरोन्नतिपछि एलडिसीका रूपमा अहिले पाइरहेका केकस्ता सुविधाको कटौती हुन्छन् र त्यसबाट पर्नसक्ने सम्भावित असर व्यवस्थापन कसरी गर्ने भन्नेबारे निजी क्षेत्रदेखि नीतिनिर्माण तहसम्म चासो छ। 'एलडिसी ग्राजुयसन'का लागि नेपालले पाएको सन् २०२६ सम्मको तयारी अवधिभित्र यस्ता क्षेत्र पहिचान र असर व्यवस्थापनका लागि काम गरिसक्नुपर्नेछ। अन्तर्राष्ट्रिय व्यापार, विकास सहायता परिचालनलगायत क्षेत्रमा स्तरोन्नति अघि र पछिको अवस्था फरक हुनेछ।

स्तरोन्नतिपछि नेपालले केकस्ता सुविधा गुमाउँछ र त्यसबाट सिर्जित समस्या व्यवस्थापनका लागि कस्तो कार्यनीति बनाएर जाने भन्नेबारे गृहकार्य भइरहेको राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले बताए। "नेपालले 'स्मुथ ट्रान्जिसन स्ट्राजेजी' बनाइरहेको छ। यो रणनीतिको मस्यौदा अन्तिम चरणमा रहेकाले हाम्रा नीति तथा कार्यक्रम दिगो विकास लक्ष्य र एलडिसी ग्याजुएसनसँग तादम्यता हुनेगरी जानुपर्नेछ", उनले भने। स्तरोन्नतिपछि नेपालले अन्तर्राष्ट्रिय व्यापारमा 'ड्युटी फ्री र कोटा फ्री'का सुविधा कसरी पाउँछ भन्ने विषय महत्वपूर्ण भण्डारीको भनाइ छ। उनले हातहतियार बाहेकका वस्तुमा सहुलियतका लागि युरोपियन युनियनलगायत निकायसँग पहल गर्न सकिने बताए।

विकास सहायता परिचालन, शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्तिको अधिकारका क्षेत्रमा पनि ग्राजुएसनको असर देखिनेछ। अर्थतन्त्रका समग्र पक्षमा बहुआयामिक असर देखिंदा त्यसले मानव पुँजी विकास पनि प्रभावित हुने सचिव भण्डारीको भनाइ छ। प्रतिव्यक्ति आय मात्र नभइ समग्र मानव पुँजी विकास र वातावरणीय पक्ष, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, आर्थिक विश्रृङ्खलतालगायतका क्षेत्रमा समेत असर देखिने उनले उल्लेख गरे।

कतारको दोहामा मार्च ५ देखि ९ सम्म चलेको अतिकम विकसित राष्ट्रको पाँचौं शिखर सम्मेलनपछि यसको अध्यक्षता नेपालले गर्दैछ। अहिले अध्यक्षता गरिरहेको मलावीले नेपाललाई जिम्मेवारी हस्तान्तरण गरिसकेको छैन। नेपालले स्तरोन्नति चरणको सङ्क्रमणकालीन अवधि र स्तरोन्नतिपछिको कार्यदिशा कसरी तयार पार्छ भनेर अन्तर्राष्ट्रिय द्विपक्षद्वय तथा बहुपक्षीय दातृ निकायले पनि चासोका साथ हेरिरहेका छन्।

### विकास सहायता परिचालनमा असर

नेपालले द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारबाट पाइरहेको विकास सहायतामा पनि स्तरोन्नतिको असर देखिनेछ। एलडिसीका रूपमा पाइरहेका विकास सहायतासम्बन्धी सुविधा कटौती हुनेछन्। नेपालका ठूला विकास साझेदारका रूपमा रहेका एशियाली विकास बैंक (एडिबी) र विश्व बैंकले अहिले एलडिसीका रूपमा दिइरहेका सुविधामा कटौती गर्नेछन्। अर्कोतर्फ विकास साझेदारले सहुलियतपूर्ण नभई व्यावसायिक ऋणमा बढी जोड दिनेछन्। हाल एशियाली विकास बैंकबाट नेपालले सहुलियतपूर्ण ऋण पाउँदै आएको छ। जुन ऋण २४ देखि ३२ वर्षमा परिपक्क (म्याचुअर) हुन्छ र यस्तो ऋणमा नेपालले आठ वर्षको ग्रेस अवधि पाउँछ। यस्तो ऋणमा नेपालले एक प्रतिशतदेखि एक दशमलव ५ प्रतिशतसम्म ब्याज तिर्दै आएको छ। स्तरोन्नतिपछि एडिबीबाट नेपालले अधिकतम २५ वर्षसम्मका लागि ऋण सुविधा पाउनेछ। जसमा ग्रेस अवधि पाँच वर्षको हुनेछ भने त्यस्तो कर्जाको ब्याजदर कम्तीमा दुई प्रतिशत हुनेछ।

साथै विकास साझेदारका रूपमा विश्व बैंकका सुविधा पनि गुम्नेछन्। नेपाल न्यून-मध्यम आय भएको मुलुक भएकाले इन्टरनेसनल डेभलपमेन्ट एशोसियसन (आएडिए)मार्फत सहुलियतपूर्ण ऋण पाउन छोडिसकेको छ। सन् २०२६ सम्म नेपालले विश्व बैंकमार्फत 'ब्लेन्ड क्रेडिट'का रूपमा ३० वर्षको म्याचुरिटी अवधि, पाँच वर्षको ग्रेस अवधि एक दशमलव २५ प्रतिशत ब्याजदरमा पाउँछ। यस्तो ऋणमा शून्य दशमलव ७५ प्रतिशत सेवाशूल्क पनि लाग्नेछ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले आफ्नो स्रोतको निश्चित प्रतिशत अतिकम विकसित मुलुकका लागि उपलब्ध गराउँछन्। स्तरोन्ततिपछि नेपालले ती शीर्षकको सहायता पाउनेछैन।

त्यस्तै एलडिसी कोष (लिस्ट डेभलप कन्ट्री फन्ड) बाट पनि वित्तीय सहायता पाउन छाड्नेछ। युनाइटेड नेसन फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज (युएनएफसिसी) अन्तर्गतको वित्तीय सुविधा भने कायम रहनेछ। एलडिसीका रूपमा अन्तर्राष्ट्रिय फोरमहरूमा सहभागी हुँदा पाइरहेका सुविधा र शैक्षिक छात्रवृत्ति पनि नेपालले गुमाउनेछ।

### सबैभन्दा ठूलो असर अन्तर्राष्ट्रिय व्यापारमा

अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा सबैभन्दा बढी प्रभावित हुने क्षेत्र अन्तर्राष्ट्रिय व्यापार रहेको छ। विश्व व्यापार सङ्गठन (डब्ल्युटिओ) को प्रावधानअनुसार एलडिसीका रूपमा नेपाली वस्तु तथा सेवाले अन्तर्राष्ट्रिय बजारमा पाउने प्राथमिकता र सुविधा गुमाउनेछन्। डब्ल्युटिओअन्तर्गतको अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसी)ले गरेको प्रक्षेपणअनुसार स्तरोन्नतिपछि नेपालको हालको निर्यातमा साढे चार प्रतिशतसम्म गिरावट आउनसक्ने देखिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव मधुकुमार मरासिनीले बताए।

स्तरोन्नतिको सङ्क्रमणकालीन अवधिपछि डब्ल्युटिओले प्रदान गरेका अन्तर्राष्ट्रिय व्यापार, बौद्धिक सम्पत्तिलगायतका सहुलियत बन्द हुनेछन्। जसका कारण नेपालको निर्यात घट्न सक्ने अनुमान गरिएको छ। नेपालले पाइरहेका यस्ता सुविधा जोगाइराख्न अन्तर्राष्ट्रिय व्यापारका लागि नयाँ क्षेत्र तथा बजार पहिचान गरी व्यापारको विविधीकरण गर्न आवश्यक रहेको मरासिनीले बताए। पाइरहेका सुविधाको निरन्तरताका लागि युरोपियन युनियनलगायत निकायसाग नेपालले पहल गर्नुपर्ने पनि उनको भनाइ छ।

"स्तरोन्नति भएपछि हामीले व्यापारमा पाइरहेको विशेष सुविधा गुम्छन्। अहिले जत्तिकै सुविधा नपाए पनि केही सुविधा पाइरहनुपर्छ भन्नेमा नेपालले जोड दिइरहेको छ। पाइरहेका सुविधा एकैचोटी हटाउनुभन्दा बिस्तारबिस्तारै हटाउँदै जाने र सँगसँगै क्षमता वृद्धिका काम पनि गर्दै जानुपर्नेमा जोड दिएका छौं", सचिव मरासिनीले भने।

नेपालको वैदेशिक व्यापारमा ठूलो हिस्सा जोडिएको भारतसँगको व्यापारमा भने यसको त्यति ठूलो असर देखिने छैन। नेपाल र भारतबीचको व्यापार द्विदेशीय सन्धीअनुसार चलिरहेका कारण न्यून असर देखिनेछ। दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा), बिम्स्टेकलगायत क्षेत्रीयरूपमा व्यापार सम्झौता गरिएका देशमा भने यसको केही असर देखिनेछ।

भारतले साफ्टा सदस्य राष्ट्रमा अतिकम विकसित र अन्य मुलुकका लागि फरक भन्सार दर कायम गर्ने गरेको छ। नेपालले भारतमा निर्यात गर्ने प्रशोधित सोयाविन र पाम तेल त्यसको उदाहरणका रूपमा लिन सकिन्छ। साफ्टामा रहेका अतिकम विकसित मुलुकका लागि भारतले यी वस्तुमा शून्य भन्सार लगाउँछ। तर साफ्टाभित्रकै अतिकम विकसितबाहेकका मुलुकका लागि सोयाविन तेलमा २५ प्रतिशत र पाम तेलमा ५४ प्रतिशत भन्सार लाग्ने गरेको छ। अहिले नेपालले निर्यात गरिरहेका वस्तुको सूचीका पाम र सोयाविन तेल पहिलो र दोस्रो स्थानमा पर्दछन्। नेपालको आफ्नै उत्पादन नभए पनि कच्चा वस्तु प्रशोधन गरी मूल्य अभिवृद्धि (भ्यालु एड) गरेर निर्यात गरिरहेका यी वस्तु प्रभावित हुने देखिएको छ।

योजना आयोगको एक अध्ययनअनुसार एलडिसीका रूपमा नेपालले अस्ट्रेलिया, न्यूजील्यान्ड, नर्वे र स्वीजरल्यान्डमा शतप्रतिशत 'ड्युटी फ्री, कोटा फ्री' सुविधा पाइरहेको छ। क्यानडामा दुग्धजन्य र मासुजन्यबाहेक अरू वस्तुले 'ड्युटी फ्री, कोटा फ्री' सुविधा पाइरहेका छन्। हाल क्यानडामा निर्यात भइरहेका ९८ दशमलव ६ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री' सुविधामा

(बाँकी दोस्रो पातामा)

# ज्ञानदामा अभिभावक समितिद्वारा उत्सवको आयोजना

प्रस, वीरगंज, ४ चैत/

ज्ञानदा एकेडमीको अभिभावक समितिले शनिवार विद्यालयमा उत्सवको आयोजना गरेका थिए ।

खाद्य, खेलकूद, लत्ताकपडा आदिका स्टल रहेको उत्सवमा प्रमुख अतिथि वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वीरगंजमा रहेका पुरातात्त्विक वस्तुहरूको संरक्षण गर्नुपर्ने र यसका लागि अहिलेको युवा पुस्ता नै कटिबद्ध हुनुपर्ने बताए। उनले वीरगंजमा ज्ञानदाले शिक्षा क्षेत्रमा नयाँ आयाम थपेको बताए । यस्तै वीउवासङ्घका अध्यक्ष अनिल पटवारीले वीरगंज शहर अब व्यवस्थित हुँदै विकासतर्फ लम्केको हुँदा अब स्तरीय शिक्षाको लागि वीरगंज गन्तव्य बन्न सक्ने आशा व्यक्त गरेका थिए। विद्यालयका सञ्चालक समितिका


तस्वीरः सौजन्य

अध्यक्ष सन्दीपकुमार तुलस्यानले सञ्चालन गरेको कार्यक्रममा विद्यालयका कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइराला, अभिभावकहरू तथा विभिन्न क्षेत्रसँग आबद्ध व्यक्तित्वहरूको सहभागिता थियो।

कार्यक्रमको मुख्य उद्देश्य आर्थिक रूपले कमजोर बालबालिकाहरूलाई सहयोग प्रदान गर्ने रहेको अभिभावकहरूले बताए।

# शिक्षकहरूको संयुक्त बैठक, चरणबद्ध आन्दोलन गर्ने निर्णय

प्रस, ठोरी, ४ चैत/

नेपाल शिक्षक सङ्घ र एकीकृत राष्ट्रिय शिक्षक सङ्गठनको ठोरी गाउँपालिकास्तरीय स्थानीय सङ्गठनहरूको संयुक्त बैठक ठोरी गापा–३ सरस्वती आधारभूत विद्यालयमा सम्पन्न भएको छ।

नेपाल शिक्षक सङ्घ ठोरीका अध्यक्ष विदुरप्रसाद सापकोटा र एकीकृत शिक्षक सङ्गठन ठोरीका अध्यक्ष दीपेन्द्रकुमार सापकोटाको संयुक्त अध्यक्षतामा बसेको दुवै सङ्गठनका पदाधिकारीहरूको बैठकले गत भदौमा गाउँपालिकाले राजनीतिक आस्थाको आधारमा गरेको सरुवा प्रक्रिया अझसम्म टुङ्गोमा नपुऱ्याएको हुँदा निन्दा गर्दै यही चैत ६ गते ठोरी गाउँपालिकाका अध्यक्षलाई अन्तिमपटक ज्ञापनपत्र बुझाउने निर्णय गर्दै चरणबद्ध आन्दोलनको कार्यक्रम तय गरिएको नेपाल शिक्षक सङ्घ ठोरीका अध्यक्ष सापकोटाले बताए।

आन्दोलनका कार्यक्रम गर्न नेपाल शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठको संयोजकत्वमा दुवै सङ्गठनका अध्यक्षहरू सदस्य रहनेगरी आन्दोलन समितिसमेत गठन गरिएको उनले जानकारी गराएका छन्।

भोलि बुझाउने ज्ञापनपत्रमा चैत १० गतेसम्म साबिककै विद्यालयमा सरुवा फिर्ता नगरे ठोरी गापाको शिक्षा तथा खेलकूद शाखामा तालाबन्दी गने निर्णय गरेको एकीकृत शिक्षक सङ्गठन ठोरीका अध्यक्ष दीपेन्द्रकुमार सापकोटाले बताए।

त्यसपछि पनि माग पूरा नभए गापामा धर्ना दिने कार्यक्रम तय भएको नेपाल शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठले बताए । उनले माग पूरा नभए चैत ७ गतेदेखि हुने वार्षिक परीक्षासमेत प्रभावित हुन सक्ने बताए।


**गर्मी याममा,**

- झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइडलगायत रोगको जोखिम बढी हुन्छ ।
- लामखुट्टे, झिङ्गा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।

**त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**





## इतिहास कायम ...

सञ्जय साह 'मित्र' र जिसी हरिका लघुकथा सङ्कलित छन्।

प्रत्येक लघुकथाकारका पाँच गरी तीस लघुकथा सङ्कलित कृतिको विमोचन कार्यक्रममा लघुकथाबारे राम्रै चर्चा चलेको थियो।

सिर्जना साहित्य समाज, रौतहट र बुढ्यौली साहित्य समाज रौतहट–सर्लाहीको संयुक्त आयोजनामा भएको कार्यक्रममा पर्सा, बारा, रौतहट र सर्लाहीका साहित्यकारहरूको सहभागिता रहेको थियो। कार्यक्रममा बालदेवप्रसाद साह, बिन्दा सहनी, बृजकिशोर यादव, शिवचन्द साह, विपिनबिहारी सिंह, मनमोहन सिंह मनोहर, सञ्जय सुदामा, रूबी गुप्ता, घनश्याम पन्त, कुमार चन्दन, गोपालशर्मा पौडेल, विजय यादव, राजेश महतो, सिकन्दर साह, विन्दुलाल राउत, कुन्दन यादव, शङ्कर यादव, धनदेव जोशी, किशुनदयाल श्रीकृष्ण, उपेन्द्र मिश्र, राजेन्द्र साह, सञ्जय साह मित्रले रचना र मन्तव्य व्यक्त गरेका थिए।

साहित्यकार लम्बोदर काफ्लेले स्वागत गरेको कार्यक्रमको अध्यक्षता रेणु गुप्ताले गरेकी थिइन्।

# खेलकूदको संसार

## दोस्रो परवानीपुर गोल्डकपको उपाधि वीरगंज युनाइटेडले जित्यो

प्रस, वीरगंज, ४ चैत/

कृष्णा फाउन्डेशन दोस्रो परवानीपुर गोल्डकप–२०७९ को उपाधि वीरगंज युनाइटेड क्लबले जितेको छ।

परवानीपुर खेल मैदानमा शनिवार सम्पन्न फाइनल प्रतियोगितामा जनकपुर स्पोर्ट क्लबलाई ० का विरुद्ध ५ गोल अन्तरले पराजित गर्दै वीरगंज युनाइटेड क्लबले उपाधि जितेको हो।



तस्वीरः प्रतीक

जीतसँगै वीरगंज युनाइटेडले १ लाख ५० हजार नगद, शील्ड तथा मेडलहरू प्राप्त गरेको थियो। प्रदेशसभा सदस्य जितेन्द्र सोनलले विजयी खेलाडीहरूलाई पुरस्कृत गरेका थिए।

यसैगरी उपविजेता जनकपुर स्पोर्ट क्लबलाई नगद ७५ हजार, शील्ड, मेडल, गापा अध्यक्ष रामक्षत्री कुर्मीले वितरण गरे।

आजको खेलको म्यान अफ द म्याच वीरगंज युनाइटेडका चतुर्धन चौधरी घोषित भए। उनले नै म्यान आफ द सीरिज पनि पाए।

प्रतियोगितामा वीरगंज युनाइटेडका विकाश चौधरीले बेस्ट डिफेन्डर र दिलमणि चौधरीले बेस्ट गोलकीपरको पुरस्कार पाए। यस्तै जनकपुर स्पोर्ट्स क्लबका राकेश यादवले बेस्ट फरवार्डको पुरस्कार पाए भने सोही क्लबका सञ्जय मगरले मिड फिल्डरको उपाधि पाए।

# पानीको संरक्षण र जलवायु परिवर्तनका असर सम्बोधन गर्न सम्मेलन हुँदै

काठमाडौं, ४ चैत/रासस

नेपालमा पानीको सङ्कट न्यूनीकरण गर्ने उपायहरूको खोजी गरी कार्यान्वयनमा ल्याउने उद्देश्यले 'वर्षात्को पानी सङ्कलन : पानीको संरक्षण र जलवायु परिवर्तनका असर सम्बोधन'सम्बन्धी राष्ट्रिय सम्मेलन हुने भएको छ।

विश्व पानी दिवसका अवसरमा खानेपानी मन्त्रालयसँगको समन्वयमा स्मार्ट वास सोलुसन्स र वाटर एड नेपालले अन्य विभिन्न निकायको सहयोगमा उक्त दुई दिवसीय राष्ट्रिय सम्मेलन आयोजना गर्न लागेको हो।

आयोजक समितिले सम्मेलनको तयारी पूरा भएको जनाएको छ। शविनार पत्रकार सम्मेलनको आयोजना गरी समितिका अध्यक्ष एवं स्मार्ट वास सोलुसन्स प्रालिका अध्यक्ष ई. रामदीप साहले सम्मेलनको तयारी पूरा भएको जानकारी दिए।

अध्यक्ष साहको अध्यक्षतामा आयोजक संस्था र सहयोगी संस्थाका प्रतिनिधिहरू सम्मिलित एक आयोजक समिति बनेको छ। त्यस्तै, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठानका पूर्वउपकुलपति सुनिलबाबु श्रेष्ठको अध्यक्षतामा एक प्राविधिक समिति बनेको छ।

प्राविधिक समितिले सम्मेलनमा प्रस्तुत हुने कार्यपत्रको छनोट र सम्पादन गरी उपयुक्त ढाँचा तयारी गरिसकेको जनाएको छ।


अध्यक्ष साहका अनुसार वर्षात्को पानी सङ्कलनार्थ प्राप्त अवसरलाई दिगो विकासको लक्ष्य प्राप्ति, जलवायु परिवर्तनको असर न्यूनीकरण तथा जलउत्पन्न प्रकोप न्यूनीकरणका सन्दर्भमा सम्बोधन गर्ने सम्मेलनको उद्देश्य छ।

साथै आमजनतामा पानीको महत्वको चेतना जगाउनु, उपयुक्त नीतिका लागि पैरवी चलाउनु र खानेपानीसम्बन्धी ज्ञान र उपयुक्त नवीनतम् प्रविधिको सार्वजनिकीकरण गर्ने उद्देश्यले उक्त सम्मेलन आयोजना गर्न लागिएको हो।

यही मार्च १९ र २० मा काठमाडौंमा हुने सम्मेलनमा विभिन्न विषयका विज्ञद्वारा १६ कार्यपत्र प्रस्तुत हुनेछन्। सम्मेलनमा चार प्राविधिक सत्र पनि हुनेछन्। पहिलो दिन सम्मेलनको समुद्घाटन हुनेछ भने दोस्रो दिन सामूहिक बहस हुनेछ। सम्मेलनको समापनमा काठमाडौं घोषणा जारी गरिने छ।

स्मार्ट वासले खानेपानी मन्त्रालयको समन्वय र विभिन्न संस्थाको सहयोगमा २०२० पनि वर्षात्को पानी सङ्कलनसम्बन्धी राष्ट्रिय सम्मेलन गरेको थियो। सो सम्मेलनका स्रोत विज्ञको प्रस्तुति र नीति निर्माता तथा तीनै तहका सरकारमा खानेपानी क्षेत्रमा काम गरिरहेका नेतृत्व, प्राविधिक र उपभोक्ताबीच भएको ज्ञानको साझेदारीले काठमाडौं महानगरपालिकासहित विभिन्न निकायले पानी पुनर्भरण र बर्सातको पानी सङ्कलन र उपयोगका अभ्यास थालेको आयोजक समितिका अध्यक्ष ई साहले जानकारी दिए।

सम्मेलनको सहआयोजकमा उच्चस्तरीय बागमती सभ्यता संरक्षण तथा विकास समिति, नगर विकास कोष, इन्टरनेसनल रेनवाटर हार्भेष्टिङ एलाएन्स, ग्लोबल पिस फाउन्डेसन नेपाल, दियालो टेक्नोलोजी प्रा.लि., बायोग्यास सपोर्ट प्रोग्राम र इन्भायरोमेन्ट एन्ड रिसोर्सेज म्यानेजमेन्ट कन्सल्टेन्सी (इआरएमसी) छन्।


चुरे भएर बग्ने मकवानपुर कैलेलीस्थित बकैयाखोलामा माछा मार्न दाउ हेर्दै बालिका । तस्वीरः जीतलाल श्रेष्ठ